# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७३।०५।०६ गते

# प्रेस विज्ञप्ति

**विषयः आयोगका अनुसन्धान अधिकृत/राष्ट्रसेवकहरुलाई घुस रकम दिन खोज्नेहरुलाई नियन्त्रणमा लिईएको ।**

---

बुद्ध एकेडेमी आवासिय माध्यमिक विद्यालय, जोरपाटी काठमाण्डौमा नेपाल सरकारको अनुदान रकम र विभिन्न दाताहरुले दिएको रकम समेत हिनामिना, हानी नोक्सानी गरी स्कूल नै बन्द भएको हुँदा उक्त विद्यालयमा भएको भ्रष्टाचारको अनुसन्धान गरि आवश्यक कारवाही हुन भनी आयोगमा परेको उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धानको कार्य भै रहेको अवस्थामा उक्त विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष छिरिङ वाङ्गेल शेर्पा लगायतका उजुरीमा आरोपित व्यक्तिहरुले उजुरीको अनुसन्धान गरिरहेका अनुसन्धान अधिकृत एवं राष्ट्रसेवकहरुलाई पटक-पटक सम्पर्क गरी अनुसन्धान तहकिकातको कामलाई कमजोर फितलो र निस्प्रभावी बनाई मुद्दा नचलोस भन्ने उदेश्य राखी अनुसन्धान अधिकृतहरुलाई घुस रकम दिन खोजेको हुँदा निजहरु उपर आवश्यक कारवाही हुन भनि अनुसन्धान अधिकृतहरुले आयोग समक्ष निवेदन पेश गरेको हुँदा आयोगबाट खटिगएको टोलीले उक्त बुद्द एकेडेमी आवासिय माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष छिरिङ वाङ्गेल शेर्पा र अखिल नेपाल हिमाली बौद्द संघका अध्यक्ष सोनाम छिरिङ शेर्पालाई दरवारमार्गस्थित, शेर्पामलको रेड कार्पेट रेष्टुरेन्टबाट रु १०,००,०००।- (अक्षरुपी दश लाख) घुस रकम राष्ट्रसेवक अनुसन्धान अधिकृतहरुलाई दिदै गर्दाको अवस्थामा नियन्त्रणमा लिई थप अनुसन्धान भै रहेको छ ।
साथै यस प्रकरणमा संलग्न रहेका नर वहादुर बुढाथोकी हाल फरार रहेकोले निजको खोजी कार्य भैरहेको व्यहोरा समेत जानकारी गराईन्छ ।

(गणेशराज कार्की)
सहसचिव एवं प्रवक्ता